आज मिति २०७६/११/०५ गते दिउँसो ३:०० बजे बुद्धभूमी नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमी नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्यज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | |
| २ | श्री मिरा थारु | उपप्रमुख | बुद्धभूमी न.पा. २ | |
| ३ | श्री तेजबहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | |
| ४ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | |
| ६ | श्री पवन कुमार थारु | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | |
| ७ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | |
| ८ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | |
| ९ | श्री राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | |
| ११ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | |
| १२ | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | |
| १३ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | |
| १४ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | |
| १५ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | प्रभावती |
| १६ | श्री विमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | बिमला |
| १७ | श्री सरस्वती कुवंर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १८ | श्री फागु प्रसाद धोवी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ५ | |
| १९ | श्री राम मनोरथ लोहार | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ६ | |
| २० | श्री रामदेव पासी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. २ | रामदेव पासी |
| २१ | श्री लिल बहादुर राउत क्षेत्री | नि. प्रमुख प्र. अधिकृत | बुद्धभूमि न.पा. | |

## मिति: २०७६।११।०५ गतेको बुद्धभूमी नगरकार्यपालिका बैठकको निर्णयहरु :

**प्रस्ताव नं. १ : लागत सहभागिताको आयोजना सम्बन्धमा ।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको पाँचौ नगर सभा २०७६ साथै छैठौं नगरसभाबाट संशोधन सहितको योजना, कार्यक्रम अनुसार विनियोजित लागत सहभागिता शिर्षक तर्फ ५०/५० , ६०/४ ० र ७०/३० को कार्यक्रमलाई प्राप्त मागको आधारमा छानविन गरी निम्न कार्यक्रमहरू कार्यान्वयन गर्नको लागि देहाय बमोजिम बजेट खर्च व्यवस्थापन गर्नुका साथै राष्ट्रिय ग्रामिण तथा नवीकरणीय उर्जा कार्यक्रम र नगरस्तरीय सौर्य सडक बत्ती समेतको बजेट एकीकरण गरी सडक बत्ती जडान गर्ने र उक्त योजनाहरू मध्ये सौर्य सडक बत्ती जडानका लागि समुदायबाट लगानी भएको हकमा समुदायबाट तोकिएको स्थानहरूमा जडान गर्ने र नगरस्तरीय सडक बत्ती जडानको लागि सबै वडाको स्थान एकीन गरी कार्य गर्न नगरप्रमुख ज्यूलाई जिम्मेवारी दिने निर्णय गरियो । साथै कालोपत्रे सडक बाहेक योजनाहरूलाई समूह /समुदायबाट गठन भई आएका उपभोक्ता समितिहरूबाट कार्य गराउने निर्णय समेत गरियो ।

### लागत सहभागिता आयोजना/कार्यक्रमहरूको विवरण

रकम रू. हजारमा

| क्र.स. | आयोजना/कार्यक्रमको विवरण | माग गर्ने संख्या/समूह | ठेगाना | संख्या | लागत सहभागिता | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | | न.पा. | समूह | |
| **सौर्य सडक बत्ती तर्फ ५०/५० र ६०/४० लागत सहभागिता** | | | | | | | |
| | सौर्य सडक बत्ती | बसन्तपुर सा. वन उपभोक्ता समूह | वडा नं. १ बसन्तपुर | ४ | २४० | १६० | ४०० |
| १ | सौर्य सडक बत्ती | भृकुटी सा. वन उपभोक्ता समूह | वडा नं. १ शान्तिपुर | ३ | १५० | १५० | ३०० |
| २ | सौर्य सडक बत्ती | कुन्द्रा सा. वन उपभोक्ता समूह | वडा नं. १ टिक्कर | ६ | ३०० | ३०० | ६०० |
| ३ | सौर्य सडक बत्ती | हरिओम सा. वन उप.समूह | वडा नं. १ पत्थरकोट | १० | ५०० | ५०० | १००० |
| ४ | सौर्य सडक बत्ती | आदर्श सा. वन उपभोक्ता समूह | वडा नं. १ चंघाट | ५ | २५० | २५० | ५०० |
| ५ | सौर्य सडक बत्ती | जुरपानी सा. वन उपभोक्ता समूह | वडा नं. १ टिक्कर | १ | ६० | ४० | १०० |
| ६ | नगरस्तरीय / राष्ट्रिय ग्रामिण तथा नवीकरणीय उर्जा कार्यक्रम | सौर्य उर्जा सडक बत्ती | न.पा. | | | | ३१७४ |
| | | | **जम्मा** | २९ | १५०० | १४०० | ६०७४ |
| **पूर्वाधार विकास तर्फको ५०/५० लागत सहभागिता** | | | | | | | |
| ६ | अधुरो सुपादेउराली मन्दिर निर्माण | जयवन शक्ति सा. वन उपभोक्ता समूह | वडा नं. १भेलाई | | १०० | १०० | २०० |
| ७ | वन उद्यान पार्क निर्माण | जुरपानी सा. वन उपभोक्ता समूह | वडा नं. १ टिक्कर | | ५०० | ५०० | १००० |
| ८ | अधुरो कुलो निर्माण | कुन्दा सा. वन. उप. समूह | वडा नं. १ टिक्कर | - | ७०० | ७०० | १४०० |
| ९ | कुलो निर्माण | जनकल्याण सा. वन उपभोक्ता समूह | वडा नं. १ विरपुर | - | १५०० | १५०० | ३००० |
| १० | तारकेश्वरधाम संरक्षण | हरिओम सा. वन उप.समूह | वडा नं. १ पत्थरकोट | - | १००० | १००० | २००० |
| ११ | कुलो निर्माण | हरि ओम सा. वन उप.समूह | वडा नं. १ पत्थरकोट | - | १५०० | १५०० | ३००० |

लिल बहादुर राउत क्षेत्री
निमित्त प्रमुख प्रशासकीय अधिकृत

[illegible] बहादुर श्रेष्ठ
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | कुलो निर्माण | आर्दश सा. वन उप. समुह | वडा नं. ९ चंघाट | - | ५०० | ५०० | १००० |
| १३ | सडक निर्माण तथा कालो पत्रे | बुद्ध यशोधरा सा. वन उप. समूह | वडा नं. ९ गब्दहवा | - | २५०० | २५०० | ५००० |
| १४ | विचलाडिहवा देखि झोलुङगे पुल सडक निर्माण तथा कालोपत्रे | राम लक्ष्मण सा. वन उप. समूह | वडा नं. ३ रनगाई | - | १४०० | १४०० | २८०० |
| १५ | बुडढी हाटबजारदेखि डबरा जाने सडक कालोपत्रे | डाबरा स्थानीयबासी | वडा नं. ४ डाबरा | - | ९४० | १००० | १९४० |
| १६ | सडक स्तरोउन्नति | भृकुटी सा.वन. उप. समूह | वडा नं. १, शान्तिनगर | - | २०० | २०० | ४०० |
| | | | जम्मा | | १०८४० | १०९०० | २१७४० |
| **पूर्वाधार विकास तर्फको ६०/४० लागत सहभागिता** | | | | | | | |
| १६ | कुलो निर्माण | टाँकु | वडा नं. ३ टाँकु | - | ४२० | २८० | ७०० |
| १७ | प्रहरी कार्यालय पछाडिको बाटो मर्मत तथा कालोपत्रे | त्रिशुली सा. वन उप. समूह | वडा नं. २ गोरूसिगें | - | १२०० | ८०० | २००० |
| | | | जम्मा | | १६२० | १०८० | २७०० |
| **पूर्वाधार विकास तर्फको ७०/३० लागत सहभागिता** | | | | | | | |
| १८ | नमूना गाउँ समाज भवन निर्माण | बुडढी गाउँ समाज | वडा नं. ४ बुडढी | - | २०० | १०० | ३०० |
| १९ | सडक निर्माण | ज्ञान ज्योति महिला सहकारी संस्था | वडा नं. ४ बुडढी | - | ७०० | ३०० | १००० |
| २० | भैरहमपुर देखि दक्षिण सामुदायिक वन जाने सडक स्तरोउन्नति | जय आर्दश सा. वन उप. समूह | वडा नं. ४ बुडढी | - | ४०० | २०० | ६०० |
| २१ | मदरसा अरविया अहले सुन्नत जियाउल [illegible]लुम गिदहवामा विद्यालय भवन | मदरसा अरविया अहले सुन्नत जियाउल ओलुम गिदहवा | वडा नं. ५ गिदहवा | - | ५६० | २४० | ८०० |
| २२ | मदरसा फारूकिया एजुकेशन सेन्टर विद्यालय वाल वाउण्डरी तथा खानेपानी | मदरसा फारूकिया एजुकेशन सेन्टर | वडा नं. ५ | - | ४०० | २०० | ६०० |
| २३ | तारवार वन संरक्षण | वनदेवी सा.वन उप. समूह | वडा नं. ५ चौरी | - | २८० | १२० | ४०० |
| | | | जम्मा | - | २५४० | ११६० | ३७०० |
| | कुल जम्मा | | | | १६५०० | १४५४० | ४३२१४ |

**प्रस्ताव नं. २ : पर्यटन प्रवर्द्धन विकास समिति सञ्चालन कार्यविधि २०७६ सम्बन्धमा ।**

**निर्णय :** यस बुद्धभूमि नगरपालिकाको पर्यटन क्षेत्रको विकासको लागि पर्यटकीय क्षेत्रको पहिचान, ऐतिहासिक पुरातात्वकीय धार्मिक सम्पदाहरूको प्रवर्द्धन गरी योजनाबद्ध रूपमा कामहरू अगाडी बढाउनको लागि पर्यटन प्रवर्द्धन विकास समिति गठन तथा सञ्चालन कार्यविधि २०७६ गठन गर्न आवश्यक देखिएकोले सोको लागि बैठकमा पेश भएको नगरस्तरीय पर्यटन प्रवर्द्धन विकास समिति गठन तथा सञ्चालन कार्यविधि २०७६ को मस्यौद माथि छलफल गरी आवश्यक राय सुझाव सहित विद्येयक समिति मार्फत पेश गर्न मौजुदा पर्यटन प्रवर्द्धन विकास समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

लिल बहादुर राउत क्षेत्री
निमित्त प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

**प्रस्ताव नं. ३ : घर नक्सा सम्बन्धमा ।**

**निर्णय :** क) तत्कालिन बुद्धवाटिका / भृकुटी नगरपालिका भएको अवस्थामा अभिलेख भएका घर नक्साको घर नक्सा आवेदन फाराममा उतार गरी अभिलेखीकरण गर्न माग भई आएमा चेक जाँच गर्दा सही भएमा नियामानुसार शुल्क लिई प्रतिलिपी घरनक्सा आवेदन फाराम अभिलेखीकरण गरिदिने निर्णय गरियो ।

**ख)** बुद्धभूमि नगर कार्यपालिकाको मिति २०७४।११।२५ गतेको निर्णय अनुसार पुरानो घरको नक्सा अभिलेख गर्दा यदि सम्बन्धित व्यक्तिको जग्गा भन्दा बाहिर परेको घरको भाग नकसामा उल्लेख गरी आवश्यक परेमा भत्काउने कबुलियतनामा गरी नकसा अभिलेख राख्न नमिल्ने हुँदा सो निर्णय स्थगित गरी सो को सट्टामा भवन निर्माण मापदण्ड घर नक्साको अभिलेखीकरण गर्दा पुर्व पश्चिम लोकमार्गमा ८२ फिट (२५ मिटर) भित्र झाँप वा छज्जा मात्र पर्न गएमा उक्त घरको नक्सामा व्यहोरा उल्लेख गरी कबुलियतनामा सहित अभिलेख गर्ने तर वाल वा सो पिलर पर्न गएमा त्यस्तो घरनक्साको अभिलेखीकरण नगर्ने निर्णय गरियो ।

**ग)** भवन निर्माण मापदण्ड लागू हुनु भन्दा अगाडी बनेका संरचनालाई आ.ब. २०७६/०७७ (२०७७ असार मसान्त) सम्म नियमानुसार अभिलेखीकरण गर्ने र भवन निर्माण मापदण्ड पश्चात मापदण्ड विपरित २०७५ सम्म सम्पन्न भएका घरहरूको हकमा २०७६ फागुन मसान्त सम्मको म्याद दिई नियमानुसार जरिवाना लिई अभिलेखीकरण गर्ने निर्णय गरियो ।

**घ)** घर नक्सा आवेदन फाराममा हुनु पर्ने विवरण अधुरो रहेको पाइएकोले सो आवेदन फारामलाई पूर्णता दिनको लागि यस कार्यालयका ईन्जिनियर श्री कुशल घिमिरेलाई १५ दिन भित्र मस्यौदा आवेदन फाराम तयार गरी पेश गर्न जिम्मेवारी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : प्रधानमन्त्री रोजगार कार्यक्रमको पदपूर्ति समिति पूर्नगठन सम्बन्धमा ।**

**निर्णय :** रोजगार संयोजक पदपूर्तिका लागि श्रम तथा रोजगार मन्त्रालयको च.नं. ७२ मिति २०७६।८।१७ गतेको पत्र बमोजिम मिति २०७६।०८।१९ गतेको कार्यपालिकाका बैठकको निर्णय बमोजिम गठित ३ सदस्यीय पदपूर्ति समितिका सबै पदाधिकारीहरू तत् कार्यालयबाट सरूवा भई अन्यत्र गई सक्नु भएको हुँदा पदपूर्ति प्रक्रिया अवरूद्ध भएकोले पदपूर्ति प्रक्रियालाई अगाडी बढाउन निम्न बमोजिम पदपूर्ति समिति पठन गर्ने निर्णय गरियो ।

१. अध्यक्षः श्री थानेश्वर घिमिरे, शिक्षा, विकास तथा समन्वय इकाई प्रमुख, तौलिहवा, कपिलवस्तु ।

२. सदस्यः (विषय विज्ञको रूपमा) श्री राजन कुमार पोखरेल (अधिकृत सातौं) बुद्धभूमि न.पा. , कपिलवस्तु

३. सदस्य-सचिवः श्री लिल बहादुर राउत क्षेत्री (प्रमुख प्रशासकीय अधिकृत), बुद्धभूमि न.पा. कपिलवस्तु ।

**प्रस्ताव नं. ५ : मानव वेचविखन तथा ओसारपसार नियन्त्रण समिति गठन तथा परिचालन कार्यविधि २०७६ सम्बन्धमा ।**

**निर्णय :** यस बुद्धभूमि नगरपालिकालाई बालविवाह मुक्त नगर घोषणा गरि सकिएको अवस्थामा सो कार्यलाई निरन्तरता दिन तथा नगर भित्र हुने लैगिंक हिंसा नियन्त्रण तथा मानव बेचविखन तथा ओसारपसार नियन्त्रणको लागि यस नगरपालिकामा मानव वेचविखन तथा ओसारपसार नियन्त्रण समिति गठन तथा परिचालन कार्यविधि निर्माण गरी कार्यक्रम अगाडि बढाउनु पर्ने आवश्यकता देखिएको हुँदा सो कार्यविधि निर्माण गरी लागू गर्ने निर्णय गरियो ।

लिल बहादुर राउत क्षेत्री
निमित्त प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

**प्रस्ताव नं. ६ : अनुदान निकास सम्बन्धमा ।**

**निर्णय** : आ.व. २०७६।०७७ को बार्षिक कार्यक्रम अनुसार संघीय सरकारबाट शिक्षा तर्फ क्रियाकलाप नं. २.७.१३.११ अन्तर्गत शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्यक्रम परमपरागत विद्यालय बैकल्पिक विद्यालय, साक्षरता तथा निरन्तर शिक्षा कार्यक्रम) बाट वडा नं. १ स्थित मुस्लिम मदरसा पत्थरकोटलाई बार्षिक अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ : खोप केन्द्र स्थापनाको लागि सहयोग सम्बन्धमा ।**

**निर्णय** : नेपाल सरकारबाट बाल स्वास्थ्य तथा पोषण कार्यक्रम अन्तर्गत खोपकेन्द्र निर्माणको लागि शर्सत अनुदान तर्फको रकम रू. ७,५४,०००।- (सात लाख चौवन्न हजार ) प्राप्त भए मध्ये लागत साझेदारीमा वडा नं. १ फच्कैयामा रू. २०००००। र वडा नं. ४ भैरमपुरमा रू.२०४०००।- विनियोजन गरी बाँकी रहेको रकम वडा नं. ८ चरिगावाको लागि रू. ३५००००।- उपलब्ध गराई खोप केन्द्र निर्माण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ : ७० औं राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने सम्बन्धमा ।**

**निर्णय** : गृह मन्त्रालयको च.नं. ७५८ मिति २०७६।११।०१ एवं संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ९८३ मिति २०७६।११।०४ गतेको पत्रानुसार ७० औं राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने सम्बन्धमा बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको कार्यालय तथा शाखा तथा वडा कार्यालयहरू सरसफाई गरी ६ र ७ गते दिपावली गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ : रोज बहिनी सृजनशिल महिला समाजको पत्र सम्बन्धमा ।**

**निर्णय** : रोज बहिनी सृजनशिल महिला समाजको च.नं. १९१ मिति २०७६।११।०२ को परियोजना सञ्चालनको अनुमति पाउँ भन्ने पत्रको सम्बन्धमा यस नगर भित्र शैक्षिक सत्र २०७५ देखि निरन्तर विद्यालय स्तरमा निःशुल्क सेनेटरी प्याड, सेनेटरी प्याड राख्ने बक्स साथै महिनावारीको समयमा किशोरीहरूलाई आवश्यक पर्ने अन्य सरसफाईका सामाग्री वितरण गर्दै आईरहेकोमा चालू शैक्षिक सत्रमा पनि उक्त परियोजना सञ्चालनको लागि अनुमति माग गरिएको हुँदा उक्त परियोजना सञ्चालनको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १० : विद्यालयहरूमा सुरक्षित खानेपानी योजना सम्बन्धमा ।**

**निर्णय** : बुद्धभूमि नगरपालिकाको मा.वि. हरूमा बालबालिकाहरूको लागि सुरक्षित खानेपानीको व्यवस्था गर्नको लागि Treatment Plant सहितको खानेपानीको पूर्वाधार निर्माण गर्नेको लागि तराई मधेस समृद्धि कार्यक्रममा योजना माग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११ : विविध सम्बन्धमा ।**

| क्र.स. | विवरण | सहयोग शिर्षक | सहयोग रकम |
|---|---|---|---|
| १ | बुद्धभूमि नगरपालिका वडा नं. १० को कार्यालयबाट सिफारिस भै आए बमोजिम उक्त वडा नं. १० निवासी श्री भण्डारी कोरीको पसलमा अचानक आगलागी भई पसलको सामान जलेर नष्ट भएकोले विपद् व्यवस्थापन शिर्षकबाट रू. १०,०००।- दिने निर्णय गरियो । | विपद् व्यवस्थापन शीर्षकबाट | १०,०००।- |
| २ | बुद्धभूमि नगरपालिका वडा नं. १ को कार्यालयबाट सिफारिस भै आए बमोजिम उक्त वडा नं. १ वीरपुर निवासी श्री धन बहादुर रजाली क्यान्सर रोग उपचारर्थको लागि आर्थिक सहयोग शिर्षकबाट रू. १५,०००।- दिने निर्णय गरियो । | आर्थिक सहयोग शिर्षकबाट | १५,०००।- |

लिल बहादुर राउत क्षेत्री
निमित्त प्रमुख प्रशासकीय अधिकृत